# 2025

# NEPALI

## (Modern Indian Language)

**Full Marks : 100**

**Pass Marks : 33**

**Time : Three hours**

**प्रश्नसंख्या 1 देखि 4 सम्मका प्रश्नहरूको सहि उत्तर दिइएका विकल्पहरूबाट चुनेर लेख : 1×4 = 4**

1. मगणको चिन्ह कुन हो? 1

(क) SSS

(ख) III

(ग) SIS

(घ) SII

2. चोटमा भुक्न होइन बरू सहन सिकेछौ – कुन कविको भनाई हो? 1

(क) लेखनाथ पौड्याल

(ख) बालकृष्ण सम

(ग) अगमसिंह गिरी

(घ) मोतिराम भट्ट

3. "उसो भए म भोलिदेखि झोला भिर्दिन है"— यो कसको भनाई हो? 1

(क) मानव कुमारको

(ख) ताख्खे नागाको

(ग) पुलिसको

(घ) नाति राजाको

4. भाषा के को धन हो? 1

(क) शैली को

(ख) भाव को

(ग) कवि को

(घ) कविताको

**प्रश्नसंख्या 5 देखि 14 सम्मका प्रश्नहरूको भरसक एउटा शब्द वा एउटा वाक्यमा लेख : 1×10 = 10**

5. हरदासलाई रूक्मिणीले आफ्ना सबै गर-गहना किन दिन चाहन्थी? 1

6. दुघालु गाई किन्ने इच्छा कसको थियो? 1

7. फुटवलको मांग कसले गरेको थियो? 1

8. निबन्ध के को प्रमुख अंग हो? 1

9. व्यापारिक पत्र के सम्बन्धमा लेखिन्छ? 1

10. लाललाई आफै भूइँमा गड़ेजस्तो किन लाग्यो? 1

11. लेखकले किन स्वीकारोक्ति बन्द गरे? 1

12. मानवकुमारले कसलाई खुकुरी ल्याई दिनु भन्यो? 1

13. सुवेदार एकलैले कस्को लाश पुरे? 1

14. दुलहापट्टिबाट निश्चिन्त भएर लेखक कसको कल्पना गर्न थाले? 1

**प्रश्नसंख्या 15 देखि 25 सम्मका प्रश्नहरूको उत्तर भरसक अति संक्षेपमा लेख : 2×11 = 22**

15. "बाले धेरै रूपियाँ जितेर ल्याउनु हुन्थ्यों"— लालको प्रश्नमा लालकी आमा कसरी उत्तर दिन्छे? 2

16. भानुभक्तले कुन बेला रामायण लेख्ने विचार गरे? 2

17. मान्छेको जीवन कसरी सिद्धिन्छ? 2

18. "घिउ न तेल पका बूढी सेल"— अर्थ लेख। 2

19. आधुनिक दृष्टिले पत्रका कति रूप छन्? 2

20. सरकारको सारा शासन व्यवस्था निर्भर हुने कुन पत्र हो? 2

21. सुगठित निबन्ध लेख्नलाई के के कुरामा ध्यान दिनु पर्दछ? 2

22. निबन्ध लेख्ता व्याख्याको प्रयोग कसरी गरिन्छ? 2

23. छन्दशास्त्र केलाई भनिन्छ? यसका प्रवर्तक को हुन्? 2

24. श्लेष अलंकारको एउटा उदाहरण लेख। 2

25. "नुनको सोझो हुनु"— उखानको अर्थ लेख। 2

**प्रश्न संख्या 26 देखि 33 सम्मका प्रश्नहरूको उत्तर संक्षेपमा लेख : 3×8 = 24**

26. ताख्खे नागाले किन पर्यायवाची रूप लिई सकेको थियो? 3

27. एच० आई० भी० रोग कति किसिमबाट फैलिने रोग हो? 3

28. पीकदूत कवितामा वर्णित शिशिर ऋतुको वर्णन गर। 3

29. कविले कर्म कवितामा जीवन कसरी सिद्धिन्छ भनेका छन्? 3

30. नचिनिने भएछौ भनेर कसलाई भनिएको छ? 3

31. विचारात्मक निबन्ध के लाई भनिन्छ? 3

32. मानवीरले आफ्ना परिवारको माग पूरा गर्न नसकेका कारणहरू लेख। 3

33. अनुष्टुप छन्दको उदाहरण सहित लक्षण लेख। 3

**प्रश्न संख्या 34 देखि 39 सम्मका प्रश्नहरूको उत्तर संक्षेपमा नै लेख : 4×6 = 24**

34. "कविहरूको धन कविहरूले चलाउँछन जस्तो व्यापारिको घन व्यापारी ले"— अर्थ खुलाएर लेख। 4

35. जयमायाका विषयमा जानेजतिका कुरा लेख। 4

36. "अतीत-गौरवले घपक्क बलेको
अधिको चहकिलों अनुहारमा
ग्लानिका विषाक्त रेखाहरु कोरिएछन
पहाड़का बैशाखी वनमा"— उक्त पक्तिको अर्थ स्पष्ट पार। 4

37. तृष्णाको तुच्छ जालो मनबाट हटि सकेपछि के हुन्छ? 4

38. एउटा व्यापार सम्बन्धी पत्र लेख। 4

39. रूक्मिणी के कारणले वैध्यवाका घरमा चाकरी गर्न खोज्दछे? 4

**प्रश्न संख्या 40 र 41 का प्रश्नहरूको उत्तर विस्तारपूर्वक लेख : 8×2 = 16**

40. निम्नलिखित विषयहरू मध्ये कुनै एउटा विषयमा निबन्ध लेख : 8

(क) विज्ञानको चमत्कार

(ख) परोपकार

(ग) विद्यार्थी जीवन

41. दिइका सामाग्रीका आधारमा एउटा छोटो कथाको रचना गर : 8

एउटा रथमा सिद्धार्थ आफ्नो ____________ रोगले पीड़ितको दृश्य ____________ एउटा वृद्ध मानिसको दृश्य ____________ एउटा मृत शरीरको दृश्य ____________ एउटा संन्यासीको दृश्य ____________ संसारका सबै पदार्थमा नश्वरता देख्नु ____________ गृह त्याग।